# झापा राजपत्र

झापा गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड-१, सङ्ख्या-२ झापा राजपत्र, २०७६**

**भाग-१**

झापा गाउँपालिका **को आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

## विनियोजन ऐन २०७६

सभामा पेश मिति:२०७६/०३/१०
स्वीकृत तथा प्रमाणिकरण मिति: २०७६/०३/२३
राजपत्रमा प्रकासन मिति: २०७६/३/३१

**प्रस्तावना:** झापा गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरूको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम **झापा गाउँपालिका**को सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम "झापा गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७६।०७७को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूचीहरूमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३६१०३०००० (अक्षेरुपी छत्तिस करोड दस लाख तिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन:</u> (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त झापा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ (खर्चका विनियोजनहरु अनूसुचीमा प्रस्ताव गरिएका छन ।)

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकम रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम रकमान्तर, निकासा र खर्च जनाउन सकिनेछ । यसरी रकमान्तर गर्दा प्रमुख प्रशासकिय अधिकृत स्तरवाट १० प्रतिशत सम्म, अध्यक्ष स्तरवाट १५ प्रतिशत सम्म र कार्यपालिका स्तरवाट भने २५ प्रतिसत सम्म रकमान्तर गर्न सकिने छ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम वाट साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन । तर पूजीगत खर्च र वित्त व्यवस्थापन ब्यहोर्ने एक श्रोत वाट अर्को श्रोतमा रकमान्तर गर्न सकिने छ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

४) खर्च अनुमोदन:

१) आर्थिक वर्ष २०७५/०७६ का लागि स्कीकृत कार्यक्रम मा क्षेत्रगत मात्र विनियोजन भई कार्यक्रम/क्रियाकलापगत विभाजन हुन वाकी रहेका वजेट तथा कार्यक्रम कार्यान्ययन गर्न गाउँ कार्यपालिका अध्यक्ष तथा प्रमुख प्रशासकिय स्तरवाट स्वीकृत गराईएका कार्यक्रम, क्रियाकलाप र बजेट विनियोजन तथा खर्च यसै ऐन वमोजिम भएको मानिने छ।

२) आर्थिक वर्ष २०७६/०७७ का लागि स्वीकृत वजेट तथा कार्यक्रममा क्षेत्रगत वा शिर्षकगत मात्र विनियोजन भएको हकमा उक्त विनियोजनलाई कार्यक्रमगत वा क्रियाकलापगत रुपमा कार्यपालिका/अध्यक्ष/प्रमुखप्रशासकिय स्तरवाट विनियोजन सम्वन्धि निर्णय भई क्रियाकलापगत रुपमा खर्च गर्न सकिनेछ।

३) उपदफा २ वमोजिम भएको विनियोजलाई आगामी गाउँसभावाट अनुमोदन गराउनुपर्ने छ।

| खर्च तर्फको सारांस | | |
|---|---|---|
| चालु खर्च | ४८६०००००।०० | अनुसूची १ |
| आर्थिक विकास | ३१०००००।०० | अनुसूची २ |
| पुर्वाधार विकास | १४९५०२०००।०० | अनुसूची ३ |
| वन, वातावरण, विपद तथा सरसफाई | १००००००।०० | अनुसूची ४ |
| संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | ५१९८०००।०० | अनुसूची ५ |
| सामाजिक विकास | २०५३००००।०० | अनुसूची ६ |
| संघीय सशर्त अनुदान | १३३१०००००।०० | अनुसूची ७ |
| **जम्मा** | ३६१०३००००।०० | |

प्रमाणीकरण मिति २०७६/३/२३

*आज्ञाले:*
*गणेशराज कार्की*
*प्रमुख प्रशासकिय अधिकृत*